जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

वर्ष : ४ | अंक : ४५ | २०८३ साल जेष्ठ १७ गते, आइतबार | Sunday, May.– 31 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४

## सूचना

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

## महिला अधिकार कार्यान्वयनमा सरकार प्रतिबद्ध : प्रधानमन्त्री शाह

***काठमाडौं, जेठ १६ –***
प्रधानमन्त्री ब्वबभिल क्जबज ले महिला अधिकार, लैङ्गिक समानता र महिला सशक्तीकरणलाई व्यवहारमा उतार्न सरकार प्रतिबद्ध रहेको बताएका छन्।



आठौं राष्ट्रिय महिला अधिकार दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै उनले नेपालको संविधानले महिलाका अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको उल्लेख गरेका छन्। राज्यका सबै निकायमा समानुपातिक तथा समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको उनको भनाइ छ।
प्रधानमन्त्री शाहले बालविवाह, बोक्सी प्रथा, छाउपडी, दाइजो तथा तिलकजस्ता कुप्रथा तथा लैङ्गिक, घरेलु र डिजिटल हिंसाको अन्त्यका लागि कानुनी व्यवस्था मात्र पर्याप्त नहुने भन्दै सामाजिक चेतना अभिवृद्धि आवश्यक रहेको बताएका छन्।
उनले महिला सशक्तीकरणमार्फत आत्मनिर्भर र समृद्ध समाज निर्माण गर्नुपर्नेमा जोड दिँदै महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्य गर्न सरकार दृढ

बाँकी तेस्रो पृष्ठमा

## मेनरोड विस्तार रोक्न माग, स्थानीयद्वारा सरकारलाई ज्ञापनपत्र

वीरगञ्ज, जेठ १६ – वीरगञ्जको ऐतिहासिक तथा व्यापारिक पहिचान प्रभावित हुने भन्दै मेनरोड (मुख्य सडक) विस्तार कार्य तत्काल रोक्न स्थानीय बासिन्दा, व्यापारी र घरधनीहरूले सरकारसँग माग गरेका छन्।




‘वीरगञ्ज युवा तथा व्यापारी सडक पीडित संघर्ष समिति’ र ‘वीरगञ्ज बचाऊ संघर्ष समिति’ ले संयुक्त रूपमा प्रधानमन्त्रीलाई सम्बोधन गर्दै ज्ञापनपत्र बुझाएका हुन्। ज्ञापनपत्र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्सा सचिवालयमार्फत पठाइएको हो।
स्थानीयले सडक विस्तारका नाममा पुरानो शहरी संरचना भत्काउन नहुने भन्दै मुख्य सडकलाई शहरी मार्ग (Urban Road) को मापदण्डमा कायम गर्न माग गरेका छन्। उनीहरूले मन्त्रिपरिषद्को

बाँकी तेस्रो पृष्ठमा

## नेपाल पत्रकार महासंघ मधेश प्रदेशको प्रादेशिक भवन शिलान्यास

***संवाहक सम्वादाता**-१६ बैशाख, कलैया*
गणतन्त्र दिवसको अवसर पारेर नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिको प्रादेशिक भवन निर्माणका लागि शुक्रबार जनकपुरधाममा शिलान्यास गरिएको छ।



जनकपुरधाम उपमहानगरपालिका-४ स्थित महासंघको भवन मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतो र नेपाल पत्रकार महासंघ मधेश प्रदेश अध्यक्ष श्याम बन्जाराले संयुक्त रूपमा शिलान्यास गरेका हुन्।
शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री महतोले महासंघको प्रादेशिक कार्यालयलाई सुविधा सम्पन्न भवनका रूपमा विकास गर्ने प्रतिबद्धता जनाए। उनले भवन निर्माणका लागि महासंघ, अर्थ मन्त्रालय र गृह, सञ्चार तथा कानुन मन्त्रालयबीच समन्वय गरी आगामी बजेटमार्फत आवश्यक रकम व्यवस्थापन गरिने बताए।
नेपाल पत्रकार महासंघ मधेश प्रदेश अध्यक्ष श्याम बन्जाराले अग्रज पत्रकारहरूले देखेको सपना साकार पार्ने दिशामा भवन निर्माण अभियान अघि बढाइएको बताए। उनले नेपालमै पहिलो पटक प्रदेश समितिको आफ्नै भवन निर्माणको ऐतिहासिक कार्य सुरु भएको उल्लेख गर्दै छिट्टै आधुनिक र सुविधा सम्पन्न भवन निर्माण सम्पन्न हुने विश्वास व्यक्त गरे।
उनका अनुसार महासंघको निर्वाचनका क्रममा गरिएको प्रतिबद्धता अनुसार नै भवन निर्माण प्रक्रिया अघि बढाइएको हो। प्रारम्भिक चरणमा दुई कोठे संरचनाबाट काम सुरु गरिएको र क्रमशः विस्तार गर्दै आधुनिक भवन निर्माण गरिने जानकारी दिइएको छ।
कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय लेखा समिति संयोजक केसी लामिछाने, स्वतन्त्र सेनानी राम भरत, केन्द्रीय सदस्य राजेश कर्ण, आम सञ्चार प्राधिकरण मधेश प्रदेश अध्यक्ष जितेन्द्र सिंह खड्का, मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष बन्दना झा लगायतको उपस्थिति रहेको थियो।
कार्यक्रमको सहजीकरण महासंघका महासचिव शैलेन्द्र महतोले गरेका थिए।

## कुशीनगरबाट उद्धार गरिएका ४५३ नेपालीमाथि अनुसन्धान, नेटवर्किङ ठगीमा रकम असुलको आशंका

बुटवल, जेठ १६ –
भारत उत्तर प्रदेशको कुशीनगर क्षेत्रबाट उद्धार गरिएका ४५३ नेपालीलाई नेपाल ल्याइएपछि प्रहरीले घटनाबारे विस्तृत अनुसन्धान सुरु गरेको छ।




भारतस्थित नेपाली दूतावास र भारतीय प्रहरीको समन्वयमा कुशीनगरमा सञ्चालनमा रहेको नेटवर्किङ व्यवसायसँग सम्बन्धित कार्यालयबाट उनीहरूको उद्धार गरिएको हो। उद्धारपछि सबैलाई नेपाल फर्काएर सम्बन्धित निकायले बयान तथा तथ्य संकलन प्रक्रिया अघि बढाएको छ।
प्रारम्भिक अनुसन्धानअनुसार नेपालका विभिन्न जिल्लाबाट युवायुवतीलाई आकर्षक रोजगारीको प्रलोभन देखाएर भारत पुऱ्याइएको पाइएको छ। उनीहरूलाई कुशीनगर क्षेत्रमा लगेर नेटवर्किङ व्यवसायको नाममा सदस्यता विस्तार, तालिम तथा अन्य गतिविधिमा संलग्न गराइने क्रममा प्रति व्यक्ति ७ हजारदेखि १ लाख भारतीय रुपैयाँसम्म रकम असुल गरिएको आशंका प्रहरीले गरेको छ।
उद्धार गरिएका व्यक्तिहरूलाई असुविधाजनक अवस्थामा एउटै कोठामा धेरै जनासम्म राख्ने, थप सदस्य ल्याउन दबाब दिने तथा विभिन्न प्रकारका तालिम दिने गरिएको प्रारम्भिक विवरणमा खुलेको छ।
नेपाल प्रहरीले घटनामा नेपाली तथा भारतीय नागरिक दुवैको संलग्नता हुन सक्ने भन्दै मानव ओसारपसार, ठगी तथा संगठित गिरोहको कोणबाट समेत अनुसन्धान अघि बढाएको छ।
घटनाबारे विस्तृत विवरण संकलन गर्दै थप कानुनी प्रक्रिया अघि बढाइने प्रहरीले जनाएको छ।

## संगठन सुदृढीकरणसँग जोड्दै मन्त्री समिर लाई दुई पालिकाको जिम्मेवारी

***संवाहक सम्वादाता**-१६ बैशाख, कलैया*
नेकपा (एमाले) ले सञ्चालन गरिरहेको “मिशन पार्टी जागरण अभियान” अन्तर्गत बारा जिल्लामा संगठन विस्तार र सुदृढीकरणलाई तीव्रता दिएको छ। अभियानलाई प्रभावकारी बनाउन पार्टीले विभिन्न पालिकामा केन्द्रीय प्रतिनिधि खटाउने क्रममा मधेस प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री तथा एमाले केन्द्रीय सदस्य महम्मद समिरलाई महागढीमाई नगरपालिका र सुवर्ण गाउँपालिकाको जिम्मेवारी तोकेको हो।



पार्टीले अभियानमार्फत स्थानीय तहसम्म संगठनलाई थप सक्रिय, व्यवस्थित र जनमुखी बनाउने लक्ष्य लिएको जनाएको छ। मन्त्री समिरलाई सम्बन्धित पालिकामा संगठन सुदृढीकरण, कार्यकर्ता परिचालन, जनसम्पर्क विस्तार तथा नयाँ सदस्यता अभियानलाई प्रभावकारी रूपमा अघि बढाउने जिम्मेवारी दिइएको बताइएको छ। जिम्मेवारी पाएपछि मन्त्री समिरले पार्टी नेतृत्वप्रति आभार व्यक्त गर्दै

बाँकी तेस्रो पृष्ठमा

## भन्सार छलीका सामानसहित मोटरसाइकल बरामद

***संवाहक सम्वादाता**-१६ बैशाख, कलैया*
नेपाल प्रहरी अन्तर्गत जिल्ला प्रहरी कार्यालय बारा ले भन्सार छली गरी ल्याइँदै गरेका सामानसहित एउटा मोटरसाइकल बरामद गरेको छ।



जिल्ला प्रहरी कार्यालय बाराका अनुसार शनिबार दिउँसो करिब २ बजेर ४५ मिनेटमा प्रहरी चौकी पिपरपाती बाट प्रहरी सहायक हवल्दार भरत दास तत्माको कमाण्डमा खटिएको गस्ती टोलीले पचरौता नगरपालिका-७ बनौली टोलमा जाँचका क्रममा भारतबाट अवैध रूपमा ल्याइँदै गरेको सामान नियन्त्रणमा लिएको हो। प्रहरी टोलीलाई देख्नासाथ मोटरसाइकल चालक सामानसहितको मोटरसाइकल छाडेर फरार भएका थिए। बरामद गरिएको सामानको अनुमानित मूल्य २४ हजार रुपैयाँ रहेको प्रहरीले जनाएको छ। बरामद सामानमा बीआर ०५ यू १६४९ नम्बरको मोटरसाइकल, १५ किलोग्राम चिनी, ७२ प्याकेट सेवई, २ प्याकेट चकलेट, ३१ प्याकेट बिस्कुट र ३ थान साबुन रहेका छन्। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मिन बहादुर घलेले जानकारी दिएका छन्।

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर


प्रकाशक/सम्पादक
**पन्नालाल दास**
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
**मुन्ना कुमार**

सामाचार सम्पादक
**सरोज दास**

कानुनी सल्लाहकार
**परमहंस केशरी/ श्याम बिहारी कुशवाहा**

कम्प्यूटर सेटिङ्ग
**म. फरिद**

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज


## सम्पादकीय ........

# बजेटको आकार होइन, कार्यान्वयनको आधार चाहिन्छ


सरकारले आगामी आर्थिक वर्षका लागि २१ खर्ब २४ अर्ब रुपैयाँको बजेट सार्वजनिक गर्दै विकास र आर्थिक सुधारका महत्वाकांक्षी योजना अघि सारेको छ। बजेटले समृद्धिको आशा जगाउने प्रयास गरेको छ, तर विगतका अनुभवले एउटा गम्भीर प्रश्न उठाइरहेका छन्—के यो बजेट कार्यान्वयन गर्न सरकार सक्षम छ?

हरेक वर्ष ठूलो आकारको बजेट प्रस्तुत हुने गरेको छ। प्राथमिकताका सूची पनि आकर्षक हुन्छन्। तर आर्थिक वर्षको अन्त्यसम्म पुग्दा लक्ष्यअनुसार राजस्व उठ्दैन, विकास खर्च अपेक्षाअनुसार हुँदैन र धेरै योजना कागजमै सीमित रहन्छन्। यही प्रवृत्ति दोहोरिँदै आएको अवस्थामा यस वर्षको बजेटप्रति पनि स्वाभाविक रूपमा आशंका पैदा भएको छ। राजस्व संकलनमा निरन्तर देखिएको कमजोरी अर्थतन्त्रको वास्तविक अवस्था झल्काउने संकेत हो। बजार सुस्त छ, निजी क्षेत्र लगानी गर्न हिच्किचाइरहेको छ र उत्पादनमूलक क्षेत्रले अपेक्षित गति लिन सकेको छैन। यस्तो अवस्थामा उच्च राजस्व लक्ष्य राख्नु सकारात्मक सोच हुन सक्छ, तर यथार्थसँग मेल नखाए त्यो केवल अंकको खेल बन्न सक्छ।

बजेटको अर्को चुनौती खर्च गर्ने क्षमता हो। विनियोजित रकम समयमै र सही क्षेत्रमा खर्च गर्न नसक्ने पुरानै समस्या कायमै छ। विकास बजेट खर्च हुन नसक्दा पूर्वाधार निर्माण सुस्त बन्छ, रोजगारी सिर्जना प्रभावित हुन्छ र आर्थिक चलायमानता कमजोर रहन्छ।

अब सरकारलाई भाषणभन्दा परिणाम देखाउनुपर्ने बेला आएको छ। बजेटलाई सफल बनाउन प्रशासनिक चुस्तता, पारदर्शिता, खर्च अनुशासन र नतिजामुखी कार्यशैली अनिवार्य छ। नागरिकले अब ठूलो बजेटको घोषणा होइन, त्यसको प्रत्यक्ष प्रभाव आफ्नो जीवनमा महसुस गर्न चाहेका छन्। अन्ततः बजेटको सफलता यसको आकारमा होइन, कार्यान्वयनको इमानदारी र प्रभावकारितामा निर्भर हुन्छ। सरकारले यसपटक त्यो भरोसा दिलाउन सके मात्र यो बजेट अर्थपूर्ण सावित हुनेछ।

# समानताको खोजीमा दलित



लामो समयदेखि न्यायको पर्खाइमा रहेका दलित समुदायले धेरै प्रश्नको उत्तर खोजिरहेका छन्। राज्यका तर्फबाट संरक्षणमा रहेको जातीय विभेद र उत्पीडन, त्यसकै आधारमा समाजले गरेको अपमान र अहिलेका पुस्ताले खोजेको समानुपातिक सहभागिताको अपेक्षा पूरा गर्नु यो सरकारको दायित्व हो।



गोपाल बराइली

नेपालको संविधानले समानता, सामाजिक न्याय र छुवाछुत अन्त्यको स्पष्ट प्रतिबद्धता जनाएको छ। 'जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८' ले कानुनी रूपमा जातीय विभेदलाई दण्डनीय अपराध घोषणा गरिसकेको छ तर व्यवहारमा भने दलित समुदायमाथि हुने हिंसा, हत्या र विभेद अझै पनि भयावह यथार्थका रूपमा विद्यमान छ।

पछिल्ला वर्षमा अन्तरजातीय विवाहसँग जोडिएका घटनाले नेपाली समाजको गहिरो जातीय मानसिकता मात्र उजागर गरेको मात्रै होइन, राज्यको न्याय प्रणालीको कमजोरीलाई पनि नाङ्गो बनाएको छ। कसुर र सजाय ऐन लागु भएयता अन्तरजातीय विवाह गरेकै कारण धेरैको हत्या भएको छ। जाजरकोटका नवराज विक, काभ्रेका अजित मिजार, सिन्धुलीका श्रीकृष्ण विकलगायतले अन्तरजातीय विवाह गरेकै कारण ज्यान गुमाउनु परेको छ। त्यसअघि अजित मिजारको घटना पनि उत्तिकै पीडादायी छ। अन्तरजातीय विवाह गरेकै कारण ज्यान गुमाएका अजितको शव अझै महाराजगन्जस्थित शिक्षण अस्पतालमा राखिएको छ। आजसम्म पूर्ण न्यायको अनुभूति हुन सकेको छैन। पीडित परिवार अझै न्यायको खोजीमा छ।

अन्तरजातीय विवाह नेपालको कानुनले मान्यता दिएको अधिकार हो तर व्यवहारमा अझै यसलाई सामाजिक अपराध झैँ व्यवहार गरिन्छ। यही कारणले धेरै युवाले प्रेम र विवाहकै कारण ज्यान गुमाउनु परेको छ। रुकुमपश्चिमको सोती घटनामा नवराज विकसहित छ जना दलित युवाको हत्या भएको घटना नेपाली समाजको सबैभन्दा क्रूर उदाहरण हो। प्रेम सम्बन्धकै कारण गाउँलेले लखेटेर भेरी नदीमा ज्यान लिएको यो घटना केवल आपराधिक क्रियाकलाप मात्र थिएन, यो जातीय मानसिकताको चरम रूप थियो।

नेपालमा दलित समुदायका लागि प्रेम गर्नु, विवाह गर्नु र समान अधिकार प्रयोग गर्नु अझै जोखिमपूर्ण बनेको छ। २०८२ मा सर्खेतका गङ्गे सुनार, २०७७ मा धनुषाका सम्भु सदा, २०७७ मा कैलालीका रोसन विक, सोही साल रौतहटका विजय चमारको पनि हत्या भएको थियो। यी घटना कुनै एक व्यक्तिको कथा मात्र होइनन्, यी त नेपालको संरचनागत विभेदको प्रतिनिधि उदाहरण पनि हुन्।

नेपालमा दलित समुदायको जनसङ्ख्या करिब १३ प्रतिशतभन्दा माथि छ। यति ठूलो जनसङ्ख्या हुँदाहुँदै पनि उनीहरू अझै सामाजिक, आर्थिक र राजनीतिक रूपमा पछाडि परेका छन्। गरिबी, अशिक्षा, रोजगारीको अभाव र सामाजिक बहिष्कार उनीहरूको दैनिक जीवनको यथार्थ बनेको छ। दलित समुदायमाथि हुने विभेद केवल व्यक्तिगत व्यवहारको समस्या होइन, यो सामाजिक संरचनामा गहिरो रूपमा जरा गाडेको छ। कथित 'उच्च जाति' को श्रेष्ठताको मानसिकता अझै समाजमा बलियो छ।

दलित समुदायमाथि अझै पनि मन्दिर प्रवेशमा रोक लागेको छ, सार्वजनिक धारा प्रयोगमा विभेद, होटेल तथा भोजनमा छुट्टै व्यवहार र सामाजिक सम्बन्धमा बहिष्कार जस्ता समस्या भोग्नु परेको छ। यसले स्पष्ट पार्छ कि कानुनले छुवाछुत अन्त्य घोषणा गरे पनि व्यवहारमा यसको प्रभाव देखिएको छैन। राम्रा राम्रा कानुन बने पनि नेपालको हालको कानुनी व्यवस्था कागजमा सीमित हुँदा सिङ्गो दलित समुदायले न्याय पाउन सकिरहेका छैनन्। नेपालमा छुवाछुतविरुद्ध कडा कानुनी व्यवस्था भए पनि यसको कार्यान्वयन अत्यन्त कमजोर देखिएको छ।

त्यति मात्रै होइन, 'जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन' लागु भएको दशक बितिसक्दा पनि धेरै घटनामा पीडितले न्याय पाउन सकेका छैनन्। प्रहरीमा दर्ता हुने मुद्दाको सङ्ख्या न्यून हुनु, अनुसन्धान प्रक्रिया ढिलो हुनु, प्रमाण सङ्कलन कमजोर हुनु र दोषीलाई संरक्षण गर्ने प्रवृत्तिले न्याय प्रणालीप्रति दलित समुदायको विश्वास कमजोर बनाएको छ। रुकुमको सोती घटनामा संलग्नउपर केही हदसम्म दोषीलाई सजाय भएको देखिए पनि अधिकांश घटनामा न्याय अपूर्ण वा ढिलो हुने गरेको यथार्थ छ।

***आममाफीप्रतिको असन्तोष***

यस्तो अवस्थामा जब सरकारले गम्भीर अपराधमा संलग्न व्यक्तिलाई आममाफी दिन्छ वा घटनाप्रति उदासीन देखिन्छ, त्यसले दलित समुदायमा गहिरो असन्तोष पैदा गर्छ। आममाफीले गलत सन्देश पनि दिन्छ। अहिलेसम्मको अवस्थालाई हेर्दा दलितमाथि हुने अपराध गम्भीर होइन र शक्तिशाली व्यक्ति कानुनभन्दा माथि छन्। त्यसमा पनि अहिलेको सरकारले जसरी बर्सौंदेखि दलित समुदायले भोगेका कहालीलाग्दो पीडालाई बिर्सेर सबै नागरिक समान छन् भन्ने देखाउन राज्यको तर्फबाटै आममाफी माग्ने जुन प्रयास गर्‍यो, त्यसलाई नेपालका दलित समुदायले सकारात्मक रूपमा लिए। त्यसको खुलेर प्रशंसा पनि गरे तर विडम्बना, सरकारले ल्याएको नीति तथा कार्यक्रममा त्यस्तो गम्भीर विषयले प्रवेश नपाउँदा फेरि दलित समुदायमा राज्यप्रति अविश्वास बढाउँदै लगेको छ।

झन्डै एक महिनादेखि काठमाडौँको माइतीघर मण्डलामा दीपा नेपालीलगायतले 'सरकार, कोठा खाली छ ?' भन्दै दिनहुँ धर्ना र प्रदर्शन गरिरहेका छन्। यति हुँदा पनि उनीहरूको माग सम्बोधनका लागि उपलब्धिमूलक प्रयास भएको छैन। त्यति मात्रै होइन, प्रतिनिधि सभा सदस्य पार्वती विकले काठमाडौँमा जातकै कारण डेरा नपाएर छट्पटाइरहेको उनको सामाजिक सञ्जालले बताउँछ। यस्तो समस्या धेरैले भोगिरहेका छन्।

नेपालको इतिहासलाई फर्किएर हेर्ने हो भने विगतदेखि नै राज्यको तहबाटै दलित समुदाय अपमानित भइरहेका छन्। अझ भन्ने हो भने जुन बेला शासक शक्तिशाली बन्छ, त्योबेला झन् धेरै दलित समुदाय आफ्नो अधिकार पाउनबाट वञ्चित हुँदै आएका छन्। १०४ बर्से जहाँनियाँ राणा शासन एकदमै शक्तिशाली थियो। त्योबेला नेपालका दलित समुदायले अधिकार पाउने कल्पनासमेत गर्न सकेनन्। ३० बर्से शक्तिशाली पञ्चायतकालीन शासनमा दलितले केही पाएनन्। झन् गणतन्त्र आएपछि दुई तिहाइनजिकको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) कालीन समयका प्रधानमन्त्री केपी शर्मा ओली सरकारले लामो समयको त्याग र तपस्याबाट प्राप्त आरक्षणलाई कटौती गरिदियो। यो विगतको कुरा भयो।

अहिलेको सरकारसँग दलित समुदायले निक्कै अपेक्षा गरेको छ। किनकि यो पटक भुइँमान्छेले संसद्मा प्रवेश गर्ने अवसर पाएका छन्। दुई तिहाइनजिकको एकल सरकारले आफ्नोतर्फबाट गरेको आममाफी, सरकारमा दलित समुदायको प्रतिनिधित्व, १०० बुँदे प्रतिबद्धता र सरकारको काम गर्ने शैलीप्रति अरू जनता सरह दलित समुदाय निक्कै उत्साही बनेको देखिन्छ तर यो उत्साह कहिलेसम्म रहिरहन्छ ? स्वाभाविक रूपमा प्रश्न उठेका छन्। यद्यपि सरकारको नीति तथा कार्यक्रमले निरासा चाहिँ बनाएकै छ। जसरी नीति तथा कार्यक्रममा सरकारकै सय बुँदे कार्यक्रममा रहेको 'आममाफी' योजना सफल पार्ने बजेट आउँला त ? जसरी नीति तथा कार्यक्रमले 'आममाफी' लाई समेट्न सकेन, त्यसरी नै सरकारले बजेटमार्फत आफ्नो १०० बुँदेको 'आममाफी' लाई सार्थक बनाउन सक्ला कि नसक्ला ? अहिलेको बजेट दलित समुदायले अपनत्व लिने बन्ला कि नबन्ला ? जेनजी आन्दोलनको बलले बनेको सरकार दलितमैत्री बन्न सक्ला कि नसक्ला ? प्रश्न प्रशस्तै उठेका छन्।

लामो समयदेखि न्यायको पर्खाइमा रहेका दलित समुदायले धेरै प्रश्नको उत्तर खोजिरहेका छन्। राज्यका तर्फबाट संरक्षणमा रहेको जातीय विभेद र उत्पीडन, त्यसकै आधारमा समाजले गरेको अपमान र अहिलेका पुस्ताले खोजेको समानुपातिक सहभागिताको अपेक्षा पूरा गर्नु यो सरकारको दायित्व हो।

दलित समुदायमाथि हुने हिंसा, हत्या र विभेद अन्त्य गर्न केवल कानुन बनाउनु मात्रै पर्याप्त छैन, त्यसको कडा कार्यान्वयन, छिटो र निष्पक्ष न्याय, सामाजिक चेतनाको रूपान्तरण र राजनीतिक उत्तरदायित्व आवश्यक छ। जबसम्म दलित समुदायले न्याय र सम्मान प्राप्त गर्दैन, तबसम्म नेपालको लोकतन्त्र अधुरो रहने छ। त्यसका लागि समानताको वाचा कागजमा होइन, व्यवहारमा लागु हुनु पर्छ। तब मात्रै मुलुक सबै नागरिकका लागि समान बन्छ भने मुलुक पनि समृद्ध बन्छ। त्यो दायित्व पूरा गर्ने जिम्मेवारी यो सरकारको काँधमा आएको छ।


# जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

**हामी सबैको कर्तव्य हो-**

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

**कलैया उपमहानगरपालिका**
द्वारा जनहितमा जारी सन्देश ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## जापानको औद्योगिक उत्पादन अप्रिलमा ०.८ प्रतिशतले वृद्धि

***टोकियो, जेठ १६ गते ।***
जापानको औद्योगिक उत्पादन अप्रिल महिनामा अघिल्लो महिनाको तुलनामा ०.८ प्रतिशतले वृद्धि भएको सरकारी तथ्याङ्कले शुक्रबार देखाएको छ । यससँगै लगातार दुई महिनादेखिको गिरावट अन्त्य भएको छ ।




जापानको अर्थतन्त्र, व्यापार तथा उद्योग मन्त्रालयका अनुसार कारखाना र खानीहरूको मौसमी समायोजित उत्पादन सूचकाङ्क २०२० लाई आधार वर्ष मान्दा १०२.८ पुगेको प्रारम्भिक प्रतिवेदनमा उल्लेख छ ।

सामान्य प्रयोजन तथा व्यवसायमुखी मेसिनरी, विद्युतीय मेसिनरी र सूचना तथा सञ्चार इलेक्ट्रोनिक्स उपकरण क्षेत्रको उत्पादन वृद्धि प्रमुख कारण बनेको छ । कुल सात क्षेत्रमा उत्पादन बढेको मन्त्रालयले जनाएको छ ।

यद्यपि मोटर वाहन, अकार्बनिक तथा कार्बनिक रसायन, साथै पेट्रोलियम तथा कोइला उत्पादन लगायत आठ क्षेत्रमा उत्पादन घटेको छ ।

निर्माताहरूको सर्वेक्षणका आधारमा मन्त्रालयले मे महिनामा उत्पादन ५.१ प्रतिशतले बढ्ने तथा जुन महिनामा ०.४ प्रतिशतले घट्ने अनुमान गरेको छ ।

## शिक्षामा...

छन्।
शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटा ले भने समता शुल्कलाई सामाजिक उत्तरदायित्व (ऋक्च) जस्तै अवधारणाका रूपमा बुझ्नुपर्ने बताएका छन्। उनले यसको कार्यान्वयनका लागि विधिगत व्यवस्था तयार हुने जानकारी दिएका छन्।
सरोकारवालाबीच शिक्षामा कर लगाउने विषयमा अझै स्पष्ट सहमति नबन्दा यस नीति कार्यान्वयन चुनौतीपूर्ण हुने देखिएको छ।

## संगठन...

अभियानलाई सफल बनाउन सक्रियतापूर्वक खटिने प्रतिबद्धता व्यक्त गरेका छन्। उनले जनतासँग प्रत्यक्ष संवाद बढाउँदै पार्टीका नीति, कार्यक्रम र दृष्टिकोणलाई गाउँ-टोलसम्म पुऱ्याउने बताए।
एमालेले यस अभियानलाई आगामी राजनीतिक यात्राको आधार तयार गर्ने रणनीतिक पहलका रूपमा लिएको छ। अभियानमार्फत जनताका समस्या, सुझाव र अपेक्षा संकलन गर्दै संगठनलाई थप बलियो बनाउने उद्देश्य राखिएको छ।
स्थानीय नेता तथा कार्यकर्ताहरूले मन्त्री समिरको जिम्मेवारीले महागढीमाई र सुवर्ण क्षेत्रमा पार्टी संगठन थप सशक्त बन्ने विश्वास व्यक्त गरेका छन्। अभियानले स्थानीय तहमा पार्टी गतिविधिलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

## पुजीगत..

लिन नसक्ने धारणा राखे।
नेपाल चेम्बर अफ कमर्श का वरिष्ठ उपाध्यक्ष दीपक मल्होत्रा ले स्थायी सरकार गठनसँगै निजी क्षेत्र आशावादी रहेको उल्लेख गर्दै भौतिक पूर्वाधारमा ठूलो बजेट विनियोजन हुनु सकारात्मक संकेत भएको बताए।
कार्यक्रममा वक्ताहरूले घरजग्गा क्षेत्रको समस्या समाधान गर्दै निजी क्षेत्रलाई प्रोत्साहन गर्न सके मुलुकको अर्थतन्त्र थप गतिशील बन्ने धारणा व्यक्त गरेका थिए।

## चुरे ...

नदिएको आरोप लगाएका छन्।
त्यसैगरी नरेन्द्र खतिवडा ले चुरे संरक्षण बजेट कटौतीलाई प्रतिगामी कदम भन्दै दीर्घकालीन रूपमा वातावरणीय संकट निम्त्याउने बताएका छन्।
नेपालको १२.७८ प्रतिशत भूभाग ओगटेको चुरे क्षेत्र ३७ जिल्लामा फैलिएको छ, जसलाई जैविक विविधता र भूमिगत जल पुनर्भरणका लागि अत्यन्त महत्वपूर्ण मानिन्छ। विशेषज्ञहरूका अनुसार अवैज्ञानिक उत्खनन, वन फँडानी र भू-उपयोगको असन्तुलनले चुरे क्षेत्रमा माटो क्षय, बाढी तथा पानीका स्रोत सुक्ने समस्या बढ्दै गएको छ।
सरोकारवालाले चुरे संरक्षणलाई प्राथमिकतामा नराखे तराई-मधेश क्षेत्रमा दीर्घकालीन जल संकट र मरुभूमिकरणको जोखिम अझ बढ्ने चेतावनी दिएका छन्।

## मेनरोड ..

२०७२ सालको निर्णयअनुसार पथलैया-परवानीपुर-बहुअरी-सिर्सिया आईसीपी मार्गलाई वैकल्पिक रूपमा अघि बढाउनुपर्ने तर्क गरेका छन्।
समितिले चितवनको नारायणगढ-मुग्लिन सडकमा जस्तै "आवश्यकताको सिद्धान्त" अनुसार न्यूनतम क्षति हुने गरी योजना बनाउनुपर्ने सुझाव दिएको छ।
ज्ञापनपत्रमा गण्डकदेखि घण्टाघर हुँदै रजत जयन्ती चोकसम्मको क्षेत्रमा करिब १,५०० घरधनी, ३,००० भन्दा बढी व्यापारी तथा १०,००० भन्दा बढी रोजगारी प्रभावित हुने उल्लेख गरिएको छ।
स्थानीयले वीरगञ्जमा पहिले नै बाइपास तथा वैकल्पिक सडकहरू निर्माण भइसकेकाले मुख्य व्यापारिक क्षेत्र भत्काउनु आवश्यक नभएको तर्क गरेका छन्। समितिका संयोजकहरूले सरकारसँग संवादमार्फत समाधान नभए आन्दोलन गर्ने चेतावनी दिएका छन्।

## महिला ...

रहेको उल्लेख गरेका छन्।
यसै अवसरमा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा सामाजिक सुरक्षामन्त्री सीता बादी ले महिला अधिकार केवल कानुनी व्यवस्था वा नीतिगत घोषणामा मात्र सीमित नभई सामाजिक व्यवहार र अवसरको समान पहुँचसँग पनि जोडिएको बताएकी छन्।
यस वर्ष राष्ट्रिय महिला अधिकार दिवस "महिला अधिकारको सम्मान : आत्मनिर्भरता र समृद्धिको अभियान" नाराका साथ

## अमेरिका–इरान वार्तामा थप प्रगति, अन्तिम निर्णय हुन बाँकी

***वासिङ्टन, जेठ १६ गते ।***
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्धविराम अवधि थप गर्ने तथा होर्मुज जलडमरूमध्य पुनः पूर्णरूपमा सञ्चालनमा ल्याउने विषयमा सम्भावित सम्झौताबारे छलफल गर्नुभएको भए पनि अन्तिम निर्णय अझै गर्नुभएको छैन ।



ह्वाइट हाउसमा राष्ट्रिय सुरक्षा सल्लाहकारहरूसँग करिब दुई घण्टा लामो बैठक सम्पन्न भएपछि पनि यस विषयमा कुनै अन्तिम निष्कर्षमा नपुगिएको अमेरिकी प्रशासनका एक वरिष्ठ अधिकारीले जानकारी दिनुभएको छ ।

राष्ट्रपति ट्रम्पले अमेरिकाका सुरक्षा चासोहरू सम्बोधन हुने तथा इरानको आणविक कार्यक्रमलाई नियन्त्रणमा राख्ने सुनिश्चितता भएको अवस्थामा मात्र सम्झौता अगाडि बढाइने धारणा व्यक्त गर्नुभएको बताइएको छ ।

यसअघि अमेरिका र इरानका प्रतिनिधिहरूबिच प्रारम्भिक सहमति भएको खबर सार्वजनिक भएको थियो। प्रस्तावित सहमति अनुसार हालको युद्धविरामलाई थप ६० दिनसम्म कायम राख्ने र इरानको आणविक कार्यक्रमबारे थप वार्ता गर्ने विषय समावेश छ ।

राष्ट्रपति ट्रम्पले इरानले भविष्यमा आणविक हतियार विकास नगर्ने प्रतिबद्धता जनाउनुपर्ने, होर्मुज जलडमरूमध्य अन्तर्राष्ट्रिय जहाज आवागमनका लागि खुला राखिनुपर्ने तथा समुद्री मार्गमा रहेका बारुदी उपकरणहरू हटाइनुपर्ने धारणा राख्नुभएको छ । उता, इरानका संसद् अध्यक्ष तथा प्रमुख वार्ताकार मोहम्मद बाघेर गालिबाफले विश्वास केवल व्यवहारिक कदमबाट स्थापित हुने बताउनुभएको छ । उहाँले दुवै पक्षबाट ठोस कार्यान्वयन भएपछि मात्र थप प्रगति सम्भव हुने धारणा व्यक्त गर्नुभएको छ ।


अमेरिका र इरानबिचको वार्ता जारी रहे पनि सम्भावित सम्झौताबारे अन्तिम निर्णय आउन अझै केही समय लाग्ने देखिएको छ ।

## विद्युत ...

उपभोक्ता सामान्य घरपरिवार भएकाले यस निर्णयले उनीहरूको मासिक खर्च बढ्ने बताएका छन्। साथै, यसले खाना पकाउने, पानी तताउने लगायतका कार्यमा विद्युत प्रयोग घट्न सक्ने र फेरि एलपी ग्यासमा निर्भरता बढ्ने उनको चेतावनी छ।
घिसिङले सरकारको निर्णयले स्वदेशमै उत्पादन भएको विद्युतको खपत प्रोत्साहन गर्ने नीति कमजोर पार्ने भन्दै ऊर्जा सुरक्षा, व्यापार घाटा न्यूनीकरण तथा हरित अर्थतन्त्र निर्माणमा समेत असर पर्ने बताएका छन्।

## बजेटले संरचनात्मक सुधारको स्पष्ट मार्ग नदिएको बाबुराम भट्टराईको टिप्पणी

***काठमाडौं, जेठ १६ –***
पूर्वप्रधानमन्त्री Baburam Bhattarai ले सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटले संरचनात्मक सुधारको स्पष्ट मार्गचित्र दिन नसकेको टिप्पणी गरेका छन्।




उनका अनुसार बजेटको भाषा, प्रस्तुति र केही नीति आकर्षक भए पनि नेपालको अर्थतन्त्रलाई रूपान्तरण गर्ने ठोस दिशा देखिँदैन। नेपाल अझै पनि निर्वाहमुखी कृषि र श्रम निर्यातमा आधारित अर्थतन्त्रबाट औद्योगिक तथा सेवामुखी प्रणालीतर्फ जानुपर्ने अवस्थामा रहेको उनले बताएका छन्।


भट्टराईले कृषि क्षेत्रमा आमूल सुधार, राज्य र निजी क्षेत्रको सहकार्य तथा उद्योग-सेवा क्षेत्रको विस्तार आवश्यक रहेको उल्लेख गर्दै पूर्वी एसियाली विकास मोडल नेपालका लागि सान्दर्भिक हुन सक्ने धारणा राखेका छन्।

उनले बुढीगण्डकी जलविद्युत आयोजना अघि बढाउने प्रस्तावलाई सकारात्मक संकेतका रूपमा लिए पनि समग्र बजेटको संरचना पुरानै ढाँचामा आधारित रहेको टिप्पणी गरेका छन्।


भट्टराईका अनुसार राजस्व, खर्च संरचना, क्षेत्रगत विनियोजन र वित्तीय संघीयतामा उल्लेखनीय परिवर्तन नदेखिएकाले सरकारले दाबी गरेअनुसार संरचनात्मक सुधारको नयाँ चरण सुरु भएको स्पष्ट आधार देखिँदैन।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।


कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।


महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# शिक्षामा कर लगाउने विषय विवादित, कार्यान्वयन चुनौतीपूर्ण हुने सरोकारवालाको धारणा




काठमाडौं, जेठ १६ – निजी तथा सार्वजनिक शिक्षामा प्रस्तावित ‘समता शुल्क’ (३ प्रतिशत कर) लागू गर्ने विषयमा सरोकारवालाबीच फरक-फरक धारणा देखिएको छ। अभिभावक र निजी क्षेत्रले यसलाई विद्यार्थीमाथिको अतिरिक्त भार भन्दै अस्वीकार गरेका छन् भने शिक्षा मन्त्रालयले यसलाई सामाजिक उत्तरदायित्वका रूपमा व्याख्या गरेको छ।

अभिभावक महासंघका निवर्तमान अध्यक्ष सुप्रभात भण्डारी ले शिक्षामा कर लगाउनु उचित नभएको बताएका छन्। उनका अनुसार आम्दानीमा कर लगाउन सकिने भए पनि विद्यार्थीले तिर्ने शुल्कमा कर लगाउनु अनुचित हुन्छ। उनले संविधानले नै अनिवार्य र निःशुल्क शिक्षाको व्यवस्था गरेको भन्दै यस्तो करले अभिभावकलाई थप आर्थिक भार पर्ने तर्क गरे। भण्डारीले निजी विद्यालयको शुल्कमा कर लगाउनेभन्दा छात्रवृत्तिको दायरा विस्तार गर्नुपर्ने सुझाव दिँदै, सरकारले सामुदायिक विद्यालय सुधार गरे निजी विद्यालय स्वतः कम हुने बताए।

उता सरोकारवालाहरूले ‘समता शुल्क’ लागू गर्न व्यवहारिक कठिनाइ हुने चेतावनी दिएका छन्। यसअघि पनि शिक्षा सेवा कर लागू गर्ने प्रयास असफल भएको उदाहरण उनीहरूले स्मरण गरेका

बाँकी तेस्रो पृष्ठमा

# “कृष्णसेन इच्छुक पत्रकारिता पुरस्कार-२०८३” निरज पिठाकोटे मगर र बलिराम यादव सम्मानित

*वीरगञ्ज, जेठ १६ –*
प्रेस सेन्टर नेपाल पर्सा शाखाद्वारा स्थापित ‘कृष्णसेन इच्छुक पत्रकारिता पुरस्कार-२०८३’ यस वर्ष कारोबार दैनिकका वीरगञ्ज संवाददाता निरज पिठाकोटे मगर लाई प्रदान गरिएको छ।

त्यसैगरी ‘क्रियाशील युवा पत्रकारिता पुरस्कार-२०८३’ युवा पत्रकार बलिराम यादव लाई प्रदान गरिएको छ। दुवै पत्रकारलाई जनही २१ हजार रुपैयाँ नगद, सम्मानपत्र तथा दोसल्लासहित सम्मान गरिएको हो।



कार्यक्रममा प्रमुख अतिथि तथा प्रेस सेन्टर नेपाल का केन्द्रीय अध्यक्ष कमल गिरी लगायतले सम्मान प्रदान गरेका थिए।

समारोहलाई सम्बोधन गर्दै अध्यक्ष गिरीले नेपाली पत्रकारिता राज्यसत्ताको दबाब र जोखिमबीच काम गर्नुपर्ने अवस्था रहेको बताए। उनले लोकतन्त्र, प्रेस स्वतन्त्रता र नागरिक अधिकारको संरक्षणका लागि पत्रकारिताको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरे।

उनले सहिद कृष्णसेन इच्छुकको योगदान स्मरण गर्दै स्वतन्त्र, निष्पक्ष र निर्भीक पत्रकारिताको आवश्यकता झन् बढ्दै गएको धारणा राखे। साथै सञ्चारमाध्यम आर्थिक सङ्कटमा परेकाले राज्यले नीति तथा कार्यक्रममार्फत संरक्षण गर्नुपर्नेमा जोड दिए।

# विद्युत खपतमा ५ प्रतिशत भ्याट लगाउने निर्णयप्रति कुलमान घिसिङको आपत्ति

*काठमाडौं, जेठ १६ –*
सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत मासिक ५० युनिटभन्दा बढी विद्युत खपत गर्ने उपभोक्तामाथि ५ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) लगाउने निर्णय गरेपछि पूर्वऊर्जामन्त्री कुलमान घिसिङ ले आपत्ति जनाएका छन्।



उनले सामाजिक सञ्जालमार्फत सरकारको उक्त निर्णय तत्काल फिर्ता लिन माग गर्दै यो कदम उपभोक्ता हितविपरीत भएको टिप्पणी गरेका छन्।

घिसिङका अनुसार विद्युत प्रयोगलाई प्रोत्साहन गर्नुको सट्टा कर लगाउनु ऊर्जा रूपान्तरणको लक्ष्य र स्वच्छ ऊर्जाको उपयोग बढाउने राष्ट्रिय अभियानसँग विरोधाभासपूर्ण छ।

उनले मासिक ५० युनिटभन्दा बढी विद्युत खपत गर्ने अधिकांश

बाँकी तेस्रो पृष्ठमा

# पुजीगत खर्च वृद्धिले अर्थतन्त्र चलायमान हुने निजी क्षेत्रको विश्वास

वीरगञ्ज, जेठ १६ –
आगामी आर्थिक वर्षको बजेटमा पुँजीगत खर्च वृद्धि गर्ने सरकारको निर्णयलाई निजी क्षेत्रले सकारात्मक रूपमा लिएको छ। व्यवसायीहरूले यसले अर्थतन्त्रलाई चलायमान बनाउँदै लगानीको वातावरण सुधार गर्ने विश्वास व्यक्त गरेका छन्।



नेपाल उद्योग वाणिज्य महासङ्घ का अध्यक्ष अञ्जन श्रेष्ठ ले नेपाल जग्गा तथा आवास विकास सङ्घको १९औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै पुँजीगत खर्चमा भएको वृद्धि अर्थतन्त्र चलायमान बनाउन महत्वपूर्ण हुने बताए। उनले बजेटमा पूर्वाधार क्षेत्रमा खर्च वृद्धि, आयकरमा कमी तथा प्रविधिमा जोड दिनुलाई सकारात्मक पक्षका रूपमा उल्लेख गरे।

उनले रोजगारीका लागि विदेशिनुपर्ने बाध्यता अन्त्य गर्दै स्वदेशमै उत्पादन र रोजगारी सिर्जनामा ध्यान दिनुपर्नेमा जोड दिए। विदेशी नागरिकलाई लिजमा घर खरिद गर्न दिने व्यवस्था तथा व्यवस्थित सहर विकासको अवधारणाले घरजग्गा क्षेत्रलाई चलायमान बनाउने उनको भनाइ थियो।

नेपाल जग्गा तथा आवास विकास महासङ्घ का अध्यक्ष विष्णुप्रसाद घिमिरे ले बजेटले एकीकृत सहरी पूर्वाधार विकासलाई प्राथमिकता दिएको भन्दै यसलाई सकारात्मक रूपमा लिएको बताए। उनले जग्गा हदबन्दी र कित्ताकाट सम्बन्धी समस्या समाधान हुने अपेक्षा व्यक्त गरे।

त्यसैगरी नेपाल उद्योग परिसङ्घ का अध्यक्ष वीरेन्द्रराज पाण्डेले समग्र अर्थतन्त्रमा सुधारका संकेत देखिए पनि लगानीमैत्री वातावरण अझै चुनौतीपूर्ण रहेको बताए। उनले घरजग्गा क्षेत्र चलायमान नभएसम्म समग्र अर्थतन्त्रले गति

बाँकी तेस्रो पृष्ठमा

# चुरे संरक्षण बजेटमा कटौती : तराई मरुभूमिकरण हुने चिन्ता

बारा, जेठ १६ –
आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत चुरे संरक्षणका लागि विनियोजित रकममा उल्लेखनीय कटौती भएपछि वातावरणविद् तथा सरोकारवालाले गम्भीर चिन्ता व्यक्त गरेका छन्। सरकारले चालु आर्थिक वर्षमा चुरे संरक्षणका लागि १ अर्ब ६९ करोड रुपैयाँ विनियोजन गरेकोमा आगामी वर्षका लागि करिब १ अर्ब रुपैयाँ मात्र छुट्याएको छ। यसलाई संरक्षण क्षेत्रमा बजेट घटाएको रूपमा हेरिएको छ।



बजेट वक्तव्यअनुसार चुरे तथा तराई-मधेश क्षेत्रमा जलस्रोत संरक्षण, पोखरी निर्माण, पहिरो नियन्त्रण तथा तटबन्ध निर्माणजस्ता कार्यक्रम सञ्चालन गरिनेछ। तर ढुंगा, गिट्टी र बालुवाको उत्खनन तथा प्रशोधनलाई व्यवस्थित गर्ने नीति समेटिएपछि वातावरणविद्हरूले चुरे दोहन बढ्न सक्ने भन्दै आलोचना गरेका छन्।

चुरे संरक्षण अभियन्ता सुनिल यादव ले बजेट कटौतीले तराई-मधेशमा भूमिगत जल पुनर्भरण प्रभावित भई मरुभूमिकरणको खतरा बढ्ने चेतावनी दिएका छन्। उनले चुरे संरक्षणमा सरकारले पर्याप्त ध्यान

बाँकी तेस्रो पृष्ठमा

# न्यून आय भएका व्यक्तिप्रति सरकार उदासीन : गगन थापा

*काठमाडौं, जेठ १६ –*
नेपाली कांग्रेसका नेता गगन थापले सरकारले ल्याएको बजेटमा न्यून आय भएका व्यक्तिहरूप्रति ठूलो उदासीनता देखिएको बताएका छन्।



शनिबार सानेपास्थित पार्टी कार्यालयमा आयोजित नेपाल थारु संघको प्रथम महाधिवेशन उद्घाटन गर्दै थापाले बजेटमा केही सकारात्मक पक्ष समेटिए पनि गरिब तथा न्यून आय भएका नागरिकका समस्या सम्बोधन गर्न सरकार चुकेको टिप्पणी गरे। उनले गरिबी र गरिब फरक विषय भएको उल्लेख गर्दै सरकारले त्यसको सही मर्म बुझ्न नसकेको बताए।

थापाले बजेटमा संरचनागत सुधारका लागि समेटिएका सकारात्मक व्यवस्थाको स्वागत गर्दै आवश्यक कानुन निर्माणमा कांग्रेसले सहयोग गर्ने स्पष्ट पारे।

उनले प्रतिपक्षको भूमिका प्रभावकारी ढंगले निर्वाह गर्दै जनताका मुद्दा स्थापित गर्न कांग्रेस गम्भीर हुनुपर्नेमा जोड दिए।

## तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

## तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

## तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

## तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।